सुदूरपश्चिमाञ्चल विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय,
महेन्द्रनगर कञ्चनपुर।

**४ वर्षे स्नातक तह व्यवस्थापन संकाय (वि.वि.एस.) प्रथम वर्षको परीक्षा दिने परीक्षार्थीहरुलाई परीक्षा आवेदन फाराम भर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना।**

**सूचना प्रकाशित मिति : २०७५ ।४। १ गते**

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा २०७५ सालमा संचालन हुने वार्षिक परीक्षा प्रणाली अनुसार ४ वर्षे स्नातक तह व्यवस्थापन संकाय (**वि.वि.एस**) प्रथम वर्षका नियमित (पुरा तथा आंशिक) परीक्षा दिने परीक्षार्थीहरुले आ-आफ्नो विभागमा मिति **२०७५ साउन ३०** गते सम्म निम्नानुसार परीक्षा आवेदन फाराम भरी बुझाउन हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## निम्न

- फारम परीक्षार्थी स्वयंले भरी बुझाउनु पर्ने छ।
- आंशिक परीक्षार्थीले गत सालको सोही खण्डको परीक्षा दिएको रोल नंवर र वर्ष फारमको शिरमा र निर्दिष्ठ ठाउँमा अनिवार्य लेख्नु पर्ने छ।
- फारम भर्दा वि.वि को नियमावली तथा पाठ्यक्रमले तोके वमोजिम विषयहरु मात्र भर्न भराउनु पर्ने छ। अन्यथा भएमा पनिका जवाफदेही हुने छैन।
- विभागले फारम बुझाउनु अगाडि आन्तरिक मूल्यांकनको परीक्षामा उत्तीर्ण विद्यार्थीका मात्र फारम बुझी भरेका प्रत्येक फारम रुजु गरी अंग्रेजी वर्णानुक्रमानुसार स्पष्ट लगत राखी आन्तरिक मूल्यांकन नम्बर र एक प्रति प्रिन्ट सहित CD मा राखी उपलव्ध गराउनु पर्ने छ।
- परीक्षार्थीले हालसालै खिचेको दुइप्रति एक नासको फोटो टाँसी फोटो र फारममा समेत पर्ने गरी विभागीय प्रमुखको हस्ताक्षर हुनु पर्ने छ।
- विभागको हकमा भरेका परीक्षा आवेदन फारम पहिलो म्याद सकिएको ३ दिन भित्र पनिकाको खातामा एकमुस्ट दस्तुर रकम तिरेको वैंक भौचर सहित परीक्षा आवेदन फारम अनिवार्य बुझाई सक्नु पर्ने छ, अन्यथा विलम्व शुल्क विभागले नै तिर्नु पर्ने छ।
- परीक्षा शुल्क प्रति खण्ड स्नातक तह (वार्षिक) लाई रु. ५००
- प्रयोगात्मक शुल्क प्रति खण्ड प्रति विषय स्नातक तहका लागि रु २०० का दरले लाग्ने छ।
- विवि दर्ता फाराम भरेको विद्यार्थीले मात्र परीक्षा फाराम भर्नपाउने भएकोले विभागले परीक्षा फाराम बुझ्दा दर्ता फाराम भरे नभरेको एकिन गरि दर्ता नंबर अनिवार्य राख्न लगाउने र फाराम भर्न छुटेको भए दर्ता फाराम समेत भराई परीक्षा फराम बुझ्नु पर्नेछ, अन्यथा फाराम स्वीकृत हुने छैन।
- परीक्षा दिने सैद्धान्तिक र प्रयोगात्मक विषय छुट्याई कोड नंवर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्ने छ।
- विलम्व शुल्कको हकमा: म्याद समाप्त भएको पहिलोहप्ता सम्म रु २००, दोस्रोहप्ता सम्म रु ५००, तेस्रोहप्ता सम्म रु ७००

परीक्षा नियन्त्रण कार्यालय